# अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका अभिभावकद्वारा सञ्चालित उद्योग/व्यवसाय प्रबर्द्धनका लागि प्रविधि तथा उपकरण सहयोग अनुदान कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३

**माननीय मन्त्रीस्तरबाट स्वीकृत मिति-**
**२०८३/०२/१२**

गण्डकी प्रदेश सरकार

**सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय**

कास्की, पोखरा।

# अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका अभिभावकद्वारा सञ्चालित उद्योग/व्यवसाय प्रबर्द्धनका लागि प्रविधि तथा उपकरण सहयोग अनुदान कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३

## पृष्ठभूमिः

नेपालको संविधानले प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गरेको छ । प्रत्येक नागरिकलाई काम गर्ने अवसर सुनिश्चित गर्न विद्यमान श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउन आवश्यक छ। अपाङ्गता भएका व्यक्तिको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउने उद्देश्यले अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका अभिभावकद्वारा सञ्चालित उद्योग तथा व्यवसायको प्रवर्द्धनका लागि प्रविधि तथा उपकरण सहयोग प्रदान गरी उद्यमी/व्यवसायी बन्न सहयोग पुऱ्याउन यो मापदण्ड तयार गरिएको हो।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो मापदण्डको नाम " **अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका अभिभावकद्वारा सञ्चालित उद्योग/व्यवसाय प्रबर्द्धनका लागि प्रविधि तथा उपकरण सहयोग अनुदान कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८३**" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस मापदण्डमा,

(क) “मन्त्रालय” भन्नाले सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयलाई सम्झनुपर्छ।

(ख) "प्रविधि" भन्नाले अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका अभिभावकद्वारा सञ्चालित उद्योग तथा व्यावसायको प्रवर्द्धनका लागि व्यावसायको स्तरोन्नती गर्न तथा सञ्चालित उद्यम/व्यवसायको प्रबर्द्धनका लागि प्रयोग हुने आधुनिक मेशिनरी औजार/प्रविधि/उपकरणलाई सम्झनुपर्छ ।

(ग) “अपाङ्गता भएका व्यक्ति” भन्नाले शारिरीक, मानसिक, बौद्धिक वा इन्द्रिय सम्बन्धी दीर्घकालिन अशक्तता, कार्यगत सिमितता, (फङ्सनल इम्पेयरमेन्ट) द्वारा सिर्जित विभिन्न अवरोधहरुसँगको अन्तरक्रियाको कारणले समाजमा अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनुपर्छ ।

(घ) “अपाङ्गता भएका व्यक्तिका अभिभावक” भन्नाले अपाङ्गता भएका व्यक्तिलाई प्रत्यक्ष संरक्षण गर्ने एकाघरका परिवारका सदस्यलाई सम्झनुपर्छ ।

(ङ) "उद्यम/व्यावसाय" भन्नाले नाफा कमाउने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम वहन गरी लगानी गर्न चाहने वा लगानी गरिरहेका व्यक्ति वा समूहलाई सम्झनुपर्छ।

३. <u>उद्देश्यः</u>

(क) अपाङ्गता भएका व्यक्तिको आर्थिक, सामाजिक तथा व्यावसायिक सशक्तीकरणमा टेवा पुऱ्याउनु।

(ख) अपाङ्गता भएका व्यक्ति वा तिनका अभिभावकद्वारा सञ्चालित उद्योग/ व्यावसायको संरक्षण, आधुनिकीकरण र स्तरोन्नति गर्नु ।

(ग) सञ्चालनमा रहेका उद्यम तथा व्यवसायको प्रवर्द्धनका लागि आवश्यक आधुनिक मेशिनरी, औजार, प्रविधि तथा उपकरण उपलब्ध गराउनु ।

(घ) अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका अभिभावकलाई आधुनिक प्रविधिसँग जोड्दै उत्पादनशीलता, गुणस्तर तथा प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु ।

(ङ) अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका अभिभावकमा उद्यमशीलता विकास गरी स्वरोजगार तथा रोजगारीका अवसर सिर्जना गर्न सहयोग पुऱ्याउनु ।

(च) स्थानीय स्रोत, सीप र श्रमको उपयोगमार्फत आयआर्जन वृद्धि तथा जीविकोपार्जनमा सुधार ल्याउनु ।

(छ) उद्योग तथा व्यावसायको दिगोपना, व्यवसायीकरण र बजार पहुँच अभिवृद्धिमा सहयोग पुऱ्याउनु।

४. **कार्यक्रम सञ्चालनः** मन्त्रालयले कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा अपाङ्गता भएका व्यक्ति वा उनीहरुका अभिभावकद्वारा सञ्चालित उद्योग तथा व्यवसायको प्रबर्द्धनका लागि लागि देहाय बमोजिमका कागजातहरु सहित प्रस्ताव पेश गर्नको लागि प्रादेशिक स्तरको पत्रिकामा १५ दिनको सूचना प्रकाशन गर्नेछ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) अपाङ्गता परिचय पत्रको प्रतिलिपी तथा अभिभावकको हकमा नाता खुल्ने प्रमाणित कागजातको प्रतिलिपि

(ग) अनुसूची १ बमोजिमको ढाँचाको व्यवसायिक योजना

(घ) उद्योग व्यवसाय दर्ता र नविकरणको प्रमाणपत्रको प्रतिलिपि,

(ङ) स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,

(च) कर दाखिला गरेको प्रमाण वा कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,

(छ) आवश्यकता अनुसार व्यावसायिक इजाजत-पत्रको प्रतिलिपि,

(ज) उद्योग/व्यवसायको लागि आवश्यक प्रविधि/औजार/उपकरण र सोको लागत रकम खुल्ने कोटेशन सहितका कागजातहरु

(झ) सम्बन्धित स्थानीय तहबाट सम्बन्धित व्यक्ति/समूहले यस अगाडि अनुदान सहयोग नपाएको ब्यहोरा सहितको सिफारिस पत्र

(ञ) यस अगाडि सरकारी निकाय वा अन्य कुनै संस्थाहरुबाट कुनै पनि प्रकारको अनुदान सहयोग प्राप्त नगरेको भनि सम्बन्धित व्यक्ति/समूहको तर्फबाट गरिएको स्वघोषणा पत्र

(ट) सम्बन्धित व्यक्ति/समूहले मन्त्रालयबाट प्राप्त हुने अनुदान रकममा कम्तीमा १० प्रतिशत साझेदारी गर्न सक्ने प्रतिवद्धता पत्र

५. **<u>छनौटका आधारहरुः</u>** (१) मन्त्रालयले कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा देहायका आधारमा व्यक्ति/ समूह छनौट गर्नेछ ।

(क) अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित उद्योग वा व्यवसाय,

(ख) उद्यम/व्यवसाय विस्तार गर्न आर्थिक तथा प्रविधिगत समस्या भएका व्यक्ति वा समुदाय,

(ग) तुलनात्मक रुपमा उपयुक्त व्यवसायिक योजना पेश गरेका,

(घ) यस अगाडि सहयोग प्राप्त नगरेका व्यक्ति/समूहद्वारा सञ्चालित उद्योग/व्यवसाय,

(ङ) अपाङ्गता भएका व्यक्तिका अभिभावकद्वारा सञ्चालित उद्योग/व्यवसाय,

(च) अपाङ्गता भएका एकल महिलाद्वारा सञ्चालित उद्योग/व्यवसाय,

(छ) स्थानीय कच्चा पदार्थमा आधारित भई सञ्चालनमा रहेका उद्यम वा व्यवसाय,

(२) मन्त्रालयले प्राप्त प्रस्ताव सहितका कागजातहरुलाई अनुसूची २ बमोजिम मूल्याङ्कन गर्नेछ र सोही बमोजिम अंकभार कायम गरी रकम निर्धारण हुनेछ ।

(३) मन्त्रालयले व्यक्ति/समूहको नाम छनौट गर्नुपूर्व आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ।

६. **<u>प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समितिः</u>** मन्त्रालयमा प्राप्त हुन आउने प्रस्तावहरुको मूल्याङ्कन गरी मन्त्रालयलाई सिफारिस गर्नको लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा सिफारिस समिति रहनेछः

क. संयोजकः महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा

ख. सदस्यः अधिकृत प्रतिनिधि, उद्योग तथा पर्यटन मन्त्रालय

ग. सदस्यः मन्त्रालयले तोकेको महिला विकास अधिकृत

घ. सदस्यः आर्थिक प्रशासन शाखा प्रमुख, मन्त्रालय

ङ. सदस्य-सचिवः महिला विकास अधिकृत, सम्बन्धित शाखा

७. **अनुदान उपलब्ध गराउने प्रविधि सहयोगको सीमाः** (१) मन्त्रालयबाट उपलब्ध गराइने प्रविधि सहयोगको रकम प्रतिव्यक्ति/प्रतिसमूह एक लाख रुपैयामा नबढ्ने गरी हुनेछ ।

८. **सम्झौता एवम् भुक्तानी प्रकृयाः** (१) मन्त्रालयले छनौट भएका व्यक्ति वा समूहलाई प्रविधि वापत सहयोग रकम उपलब्ध गराउनु पूर्व सम्झौता गर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्झौता भए पश्चात सम्बन्धित व्यक्ति वा समूहले तपसिल बमोजिमका कागजातहरु सहित मन्त्रालयमा शोधभर्नाको लागि निवेदन दिनुपर्नेछ।

क. भुक्तानीको लागि निवेदन

ख. मन्त्रालयसँग भएको सम्झौताको प्रतिलिपी

ग. सम्बन्धित स्थानीय तहबाट कार्यसम्पन्नता सहित भुक्तानीको लागि सिफारिस पत्र

घ. सामान खरिदको सक्कल भ्याट विल

ङ. मन्त्रालयबाट अनुदान प्राप्त भनी लेखिएको स्टिकर सहितको रंगिन फोटो

च. सम्बन्धित उद्यम/व्यवसायको नाममा रहेको बैंक खाता विवरण

छ. वारेन्टी कार्डहरु प्राप्त हुने सामानहरु खरिद गरेको भए वारेन्टी कार्डको समेत प्रतिलिपी।

ज. कोटेशन सम्बन्धी सम्पूर्ण कागजातहरु

(३) मन्त्रालयले छनौटमा परेका व्यक्ति तथा समूहको निवेदन प्राप्त भएपछि मन्त्रालयले आवश्यकता अनुसार सोको अनुगमन गरी गराई सम्बन्धित उद्यम/व्यवसायको बैंक खातामार्फत रकम उपलब्ध गराइनेछ।

९. **अनुगमन तथा मूल्याङ्कनः** (१) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय/व्यक्ति समेतबाट हुनेछ ।स्थानीय तहले आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्न सक्नेछन् ।

(२) प्राप्त प्रस्तावहरुको मूल्याङ्कन तथा सिफारिस समितिको वैठक एवम् आवश्यकता अनुसार कार्यक्रमको अनुगमन समेत विनियोजित बजेटबाट नै हुनेछ ।

१०. **बाधा अड्काउ फुकाउने अधिकारः** यस मापदण्डको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

११. **संशोधन तथा हेरफेरः** मन्त्रालयले आवश्यक देखेमा यस मापदण्डमा संशोधन एवं हेरफेर गर्न सक्नेछ।

अनुसूची- १

**अपाङ्गता भएका व्यक्ति वा उनीहरुका अभिभावकद्वारा सञ्चालित उद्योग/व्यवसायको स्तरोन्ततीको लागि पेश गर्ने व्यवसायिक योजना सहितको प्रस्तावको ढाँचा**

श्री सामाजिक विकास युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश ।

१. उद्योग/व्यवसाय सञ्चालक/समूहको नामः

ठेगानाः सम्पर्क नं.

२. उद्योग/व्यवसाय सञ्चालन गरेको स्थानः

३. उद्योग/व्यवसाय

क. नामः

ख. पृष्ठभूमिः

ग. उद्योग/व्यवसायको दर्ता नं. र दर्ता मितिः पान नं.

घ. व्यवसाय स्थापनाको उद्देश्यः

ङ. शुरु लगानी (नगद तथा अन्य)

च. उद्योग/व्यवसायको प्रकृतिः (पशुजन्य/कृषिजन्य/जडिवुटी/लघु उद्यम/अन्य)

छ. हाल जनशक्तिको अवस्थाः महिला.....पुरुष....कुल .....जना

ज. उद्योग/व्यावसाय संचालनमा रहेको जग्गाको स्वामित्व/प्रमाण

झ. उद्योग/व्यवसायको हालको अववस्थाः

ञ. उत्पादन र बजारको अवस्था तथा सम्भावनाः

ट. व्यवसायः उत्पादनजन्य/प्रशोधनजन्य/बजारीकरणः

ठ. आवश्यक कच्चा पदार्थ र संचालन सामग्री आपूर्तिको व्यवस्थाः

ड. कच्चा पदार्थको उपलब्धताः स्थानीयस्तरमा उपलब्ध/जिल्लाभित्र उपलब्ध/जिल्ला बाहिरबाट ल्याउनुपर्ने

ढ. भावी योजना अनुसार आवश्यक पर्ने प्राविधिक तथा अन्य जनशक्तिः महिला र पुरुष संख्या खुलाउने

ण. जोखिम व्यवस्थापनको सोचः

त. माग/अपेक्षा गरेको सहयोगको क्षेत्रः

थ. व्यवसायमा प्रयोग हुने प्रविधि र अनुमानित लागतः

द. लगानी विस्तारको योजनाः

ध. अन्य केही भए खुलाउने ।

**<u>पेश गर्नेको</u>**

नामथरः

हस्ताक्षरः उद्योग/व्यवसायको छापः

## अनुसूची- २

### प्रस्ताव मूल्याङ्कनका आधारहरु

| क्रसं. | सूचक | पूर्णाङ्क | अंक विभाजन | कैफियत |
|---|---|---|---|---|
| १ | उद्यम/व्यवसाय सञ्चालन भएको स्थानीय तह | १० | महानगरपालिका भए — अंक ४<br>नगरपालिका भए — अंक ७<br>गाउँपालिका भए — अंक १० | |
| २ | उद्योग/व्यवसायमा जनशक्तिको प्रयोग अवस्था | १० | बाह्य जनशक्ति मात्र प्रयोग भए- अंक ५<br>सीप सहित स्वयं व्यक्ति/समूह भए — अंक १० | |
| ३ | उद्योग संचालन अवधि | ५ | ७ बर्ष वा सो भन्दा बढि भए -अंक ३<br>४ देखि ७ बर्ष सम्म भए — अंक ४<br>४ बर्ष सम्म भए- अंक ५ | |
| ४ | उद्योग/व्यवसाय सञ्चालक | ५ | अपाङ्गता भएका एकल महिलाद्वारा सञ्चालित भए-अंक ५<br>अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित भए- अंक ४<br>अपाङ्गता भएका व्यक्तिका अभिभावकद्वारा सञ्चालित भएमा - अंक ३ | |
| ५ | विगत तीन वर्षदेखि अनुदान प्राप्त गरेको/नगरेको | ५ | प्राप्त गरेको — अंक ०<br>प्राप्त नगरेको — अंक ५ | |
| | उद्योग/व्यसायमा प्रयोग हुने कच्चा पदार्थ | ५ | बाह्य कच्चा पदार्थको बढी प्रयोग हुने भए — अंक ३<br>स्थानीय कच्चा पदार्थको बढी प्रयोग हुने भए — अंक ५ | |
| **जम्मा** | | ४० | | |